
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६९/७० को छ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १०.२ प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ पुस मसान्तमा विस्तृत मुद्रा प्रदाय १६.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा २.६ प्रतिशतले बढेको विपरित ०.३ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०६९ पुस मसान्तमा संकुचित मुद्रा प्रदाय १५.२ प्रतिशतले वृद्धि भएको छ ।




२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ६ अर्ब ७ करोड (१.६ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६६ अर्ब ७२ करोड (३०.९ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा निर्यातको तुलनामा आयात विस्तार उल्लेख्य रहेको र विप्रेषण आप्रवाह वृद्धि तुलनात्मक रुपमा कम रहनुका साथै पूँजीगत तथा चालू ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा घटेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको विस्तार कम हुन गएको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा कुल आन्तरिक कर्जा ६.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.० प्रतिशतले मात्र बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ पुस मसान्तमा यस्तो कर्जा १४.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको दावी उल्लेख्य रुपमा बढेकोले कुल आन्तरिक कर्जाको वृद्धि उच्च रहन गएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ४.९ प्रतिशतले मात्र विस्तार भएको थियो ।

## सञ्चित मुद्रा


४. समीक्षा अवधिमा सञ्चित मुद्रा १४.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ९.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद दावी घटेको र खुद वैदेशिक सम्पत्तिमा समेत केही ह्रास आएकोले सञ्चित मुद्रामा कमी आएको हो । बार्षिक विन्दुगत आधारमा भने २०६९ पुस मसान्तमा सो मुद्रा ६.८ प्रतिशतले बढेको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

**५.** समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ५.३ प्रतिशत (रु. ५४ अर्ब १३ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन १०.४ प्रतिशत (रु. ८५ अर्ब ६८ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ४.६ प्रतिशत, ७.४ प्रतिशत र ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ११.४ प्रतिशत, ११.६ प्रतिशत र १.७ प्रतिशतले बढेको थियो । बार्षिक विन्दुगत आधारमा भने बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १७.३ प्रतिशत (रु. १५७ अर्ब ३ करोड) ले वृद्धि भई २०६९ पुस मसान्तमा रु. १०६५ अर्ब ९५ करोड पुगेको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ११.२ प्रतिशत (रु. १०८ अर्ब १७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ६.५ प्रतिशत (रु. ५५ अर्ब २५ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १०.७ प्रतिशत, ७.२ प्रतिशत र ५.८ प्रतिशतले बढेको छ । बार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १८.२ प्रतिशत (रु. १६५ अर्ब ७० करोड) ले वृद्धि भई २०६९ पुस मसान्तमा रु. १०७५ अर्ब ८२ करोड पुगेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२.३ प्रतिशत (रु. ९५ अर्ब ७७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.६ प्रतिशत (रु. ३१ अर्ब ९४ करोड) ले मात्र बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १२.१ प्रतिशतले, विकास बैंकहरुको १२.४ प्रतिशतले र वित्त कम्पनीहरुको १३.८ प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा बार्षिक विन्दुगत आधारमा २०.५ प्रतिशत (रु. १४८ अर्ब ७० करोड) ले वृद्धि भई २०६९ पुस मसान्तमा रु. ८७५ अर्ब ४ करोड पुगेको छ ।




७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २१ अर्ब ७८ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १५ अर्ब ४७ करोडले मात्र बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि

क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ८३ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ८ अर्ब २९ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब २९ करोडले बढेको छ भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २२ अर्ब २८ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ३२ करोडले बढेको छ ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोड तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको थियो ।

९. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब १९ करोड खुद खरिद गरी रु. १०३ अर्ब ३४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६२ करोड खुद खरिद गरी रु. १२६ अर्ब ४७ करोडको खुद तरलता प्रवाह भएको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ४० करोड बिक्री गरी रु. १२२ अर्ब ४ करोड बराबरको भारु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ४२ करोड बिक्री गरी रु. ११० अर्ब ६२ करोड बराबरको भारु. खरिद भएको थियो ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


११. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १७४ अर्ब ४१ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. ६९ अर्ब २६ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. १०१ अर्ब ८२ करोड र रु. ८८ अर्ब २१ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा रु. १ अर्ब ५९ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ४ अर्ब २५ करोडको स्थायी तरलता सुविधा उपयोग भएको थियो ।

## अल्पकालीन ब्याजदर

१२. आर्थिक वर्ष २०६९ को पुस महिनामा अघिल्लो वर्षको सोही महिनाको तुलनामा अल्पकालीन ब्याजदरहरु मध्ये ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदरमा केही वृद्धि भएको छ भने बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदरमा कमी आएको छ । सो अनुसार ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको पुस महिनामा ०.७० प्रतिशत रहेकोमा २०६९ पुस महिनामा १.५२ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको पुसमा ०.९० प्रतिशत रहेको तुलनामा २०६९ पुसमा ०.७१ प्रतिशत रहेको छ भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको पुसमा ९.९६ प्रतिशत रहेको तुलनामा २०६९ पुसमा ४.१३ प्रतिशत रहेको छ ।

# धितोपत्र बजार

१३. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा ६३.७ प्रतिशतले वृद्धि भई २०६९ पुस मसान्तमा ५२९.७ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा १९.६ प्रतिशतले घटी २०६८ पुस मसान्तमा ३२३.६ बिन्दु कायम भएको थियो ।




चार्ट ३: नेप्से परिसूचक (२०६८/६९–२०६९/७०)

१४. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ६९.९ प्रतिशतको उल्लेख्य वृद्धि भई २०६९ पुस मसान्तमा रु. ५१० अर्ब ४३ करोड कायम भएको छ ।

१५. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६९ पुस मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनी समेत) को अंश ६९.८ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.० प्रतिशत, होटलहरूको १.६ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.२ प्रतिशत, जलविद्युत क्षेत्रको ५.८ प्रतिशत र अन्यको १९.५ प्रतिशत रहेको छ ।

१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६८ पुस मसान्तसम्ममा २१४ रहेकोमा २०६९ पुस मसान्तसम्ममा २२१ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६९ पुस मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १८९ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।



चार्ट ४: सूचीकृत कम्पनीहरूको बजार पूँजीकरण (२०६९/७०)


१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा ९.६ प्रतिशतले बढी २०६९ पुस मसान्तमा रु. ११६ अर्ब ६४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको छ महिनासम्ममा रु. २ अर्ब ५० करोड ५४ लाख बराबरको साधारण शेयर, रु. ३६ करोड ३३ लाख बराबरको बोनस शेयर र रु. २१ करोड १९ लाख बराबरको हकप्रद शेयर गरी कुल रु. ३ अर्ब ८ करोड ६ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्त मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६९ को पुस महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ९.८ प्रतिशत रहेको छ । २०६८ पुस महिनामा यस्तो मुद्रास्फीति ६.८ प्रतिशत रहेको थियो । समीक्षा महिनामा वार्षिक

बिन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर ९.६ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा १०.२ प्रतिशतले वृद्धि भएको छ । २०६८ पुस महिनामा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमश: ४.० प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको थियो ।




१९. २०६९ पुस महिनामा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात १४.८ प्रतिशत रहेको छ । २०६८ पुस महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १५.६ प्रतिशतले वृद्धि भएको थियो । २०६८ पुस महिनामा क्रमश: ५.० प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको माछा-मासु र रेष्टुरेन्ट तथा होटल उप-समूहहरुको मूल्य सूचकाङ्क २०६९ पुस महिनामा क्रमश: १४.० प्रतिशत र १३.२ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, २०६८ पुस महिनामा ६.७ प्रतिशतले बढेको हल्का पेय पदार्थ उप-समूहको मूल्य सूचकाङ्कमा २०६९ पुस महिनामा ११.७ प्रतिशतले वृद्धि भएको छ । २०६८ पुस महिनामा ५.१ प्रतिशतले घटेको तरकारी उप-समूहको मूल्य सूचकाङ्क २०६९ पुस महिनामा ११.५ प्रतिशतले वृद्धि भएको छ ।

२०. २०६९ पुस महिनामा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये फर्निसिंग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा १३.१ प्रतिशतले वृद्धि भएको छ । २०६८ पुस महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १३.२ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, २०६९ पुस महिनामा शिक्षा र घरायसी उपयोग उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमश: १२.५ प्रतिशत र १२.३ प्रतिशतले वृद्धि भएको छ । २०६८ पुस महिनामा यस्तो सूचकाङ्कमा क्रमश: ८.९ प्रतिशत र ३.५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, २०६९ पुस महिनामा लत्ता-कपडा तथा जुत्ता-चप्पल उप-समूहहरुको मूल्य सूचकाङ्कमा ११.५ प्रतिशतले वृद्धि भएको छ । २०६८ पुस महिनामा उल्लेखित उप-समूहको मूल्य सूचकाङ्कमा १५.२ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने २०६९ पुस महिनामा २.१ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्क ८.२ प्रतिशतले ह्रास भएको थियो ।


२१. क्षेत्रगत आधारमा विश्लेषण गर्दा २०६९ पुस महिनामा सवैभन्दा बढी मूल्य सूचकाङ्क तराईमा ११.२ प्रतिशतले वृद्धि भएको छ भने पहाड तथा काठमाडौं उपत्यकाको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमश: ९.० प्रतिशत र ८.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर तराईमा ५.४ प्रतिशत, पहाडमा ९.२ प्रतिशत र काठमाडौं उपत्यकामा ६.६ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२२. २०६९ पुस महिनामा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ९.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो वृद्धिदर ३.२ प्रतिशत रहेको थियो । कृषिजन्य तथा आयातित वस्तुहरुको मूल्य वृद्धि उच्च रहेकोले समीक्षा महिनामा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर अघिल्लो वर्षको सोही महिनाको तुलनामा उल्लेख्य रहेको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. २०६९ पुस महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १०.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ३२.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको छैन भने ज्यालादर सूचकाङ्कमा १२.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा तलब सूचकाङ्कमा १९.३ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा ३५.७ प्रतिशतले वृद्धि भएको थियो ।




२४. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुरको ज्यालादर सूचकाङ्कमा १४.६ प्रतिशतले, औद्योगिक मजदुरको १०.५ प्रतिशतले र निर्माण मजदुरको ८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः ३६.५ प्रतिशत, ३३.४ प्रतिशत र ३७.० प्रतिशतले वृद्धि भएको थियो ।


## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२५. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा सरकारी बजेट रु. ४० अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. २४ अर्ब ४ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचत उल्लेख्य रहेको हो ।

### सरकारी खर्च

२६. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ५.४ प्रतिशतले घटी रु. १०७ अर्ब २१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ४०.१ प्रतिशतले वृद्धि भएको थियो । चालू आर्थिक वर्षको पूर्ण बजेट प्रस्तुत हुन नसकेकोले अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चमा कमी आएको हो ।





---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटामध्ये ६६ वटै शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटामध्ये ३९ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

## सरकारी राजस्व

२७. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २१.२ प्रतिशतले वृद्धि भई रु. १३४ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २१.६ प्रतिशतले वृद्धि भई रु. १११ अर्ब ३ करोड पुगेको थियो । आयातमा भएको वृद्धिका कारणले समीक्षा अवधिमा राजस्व परिचालन उच्च रहेको हो ।




२८. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १७.४ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सोको वृद्धिदर १६.१ प्रतिशत रहेको थियो। आयात मार्फत प्राप्त हुने मूल्य अभिवृद्धि करको उच्च वृद्धिदरका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो।

२९. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३९.१ प्रतिशतले वृद्धि भई रु. २७ अर्ब ७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व १५.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा समग्र आयातका साथै उच्च भन्सार दर लाग्ने सवारी साधनहरु तथा पाटपुर्जाको आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको हो।

३०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २१.० प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ६९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व १०.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा उच्च अन्तःशुल्क दर भएका सवारीसाधनको आयातमा वृद्धि आएको कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो।

३१. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३०.३ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व २३.५ प्रतिशतले मात्र वृद्धि भएको थियो। समीक्षा अवधिमा आयकर प्रशासनमा भएको सुधारको सकारात्मक प्रभाव एवं करदाता शिक्षा मार्फत चेतनामा भएको अभिवृद्धिका कारण आयकर राजस्वमा वृद्धि भएको हो।


३२. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व रु. १४ अर्ब ५१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व रु. १५ अर्ब ५३ करोड पुगेको थियो।

## वैदेशिक नगद ऋण र अनुदान

३३. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. १ अर्ब ३१ करोड र वैदेशिक नगद अनुदानवापत् रु. १० अर्ब २५ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. २ अर्ब ५९ करोड र रु. २१ अर्ब २१ करोड प्राप्त भएको थियो।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार




३४. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा कुल वस्तु निर्यात ९.३ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब २५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.२ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ९२ करोड रहेको थियो । मासिक रुपमा हेर्दा चालु आर्थिक वर्षको पुस महिनामा कुल वस्तु निर्यातमा मंसिर महिनाको तुलनामा ०.७ प्रतिशतले ह्रास आएको छ ।

३५. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको छ महिनाको १३.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३.८ प्रतिशतले मात्र बढेको छ भने अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ६.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २०.३ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको ०.७ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ६.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १६ करोड ३२ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जुटको बोरा, जीआई. पाइप, अलैंची, तार र अदुवाको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी दाल, छाला र तयारी छालाका वस्तुको निर्यातमा वृद्धि भएको छ ।

३६. समीक्षा अवधिमा कुल वस्तु आयात २५.२ प्रतिशतले बढेर रु. २७१ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.८ प्रतिशतले वृद्धि भई रु. २१६ अर्ब ६८ करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुवै तर्फको आयातको वृद्धिदर उच्च रहेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो । मासिक रुपमा हेर्दा पुस महिनामा कुल वस्तु आयात मंसिर महिनाको तुलनामा १.३ प्रतिशतले घटेको छ ।

३७. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षकोको सोही अवधिको १०.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २६.२ प्रतिशतको उच्च दरले बढेको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको ३१.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २३.६ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको २१.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १०.६ प्रतिशले वृद्धि भई अमेरिकी डलर १ अर्ब १० करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपूर्जा, सिमेन्ट, चामल र एमएस. विलेट लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी पाइप तथा पाइप फिटिङ, तयारी पोसाक, सुन, दूरसञ्चारका उपकरण र खाने तेल लगायतको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो ।

३८. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २८.४ प्रतिशतले वृद्धि भई रु. २३२ अर्ब १० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १७.९ प्रतिशतले मात्र बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ३०.८ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ९.४ प्रतिशतले मात्र बढेको

थियो । अघिल्लो वर्ष ३६.७ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २४.१ प्रतिशतले बढेको छ ।

३९. आयातको वृद्धिदर उच्च रहेको कारण निर्यात-आयात अनुपात समीक्षा वर्षको पहिलो छ महिनामा १४.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.६ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति


४०. आर्थिक वर्ष २०६९/७० को छ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ६ अर्ब ७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ६६ अर्ब ७२ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता बचत रु. ४ अर्ब ४१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ३१ अर्ब ९९ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु आयातमा भएको उल्लेख्य वृद्धि, अघिल्लो वर्षको बचतको तुलनामा खुद सेवा आयमा भएको घाटा र विप्रेषण आप्रवाहको वृद्धिदर घटेको कारण समीक्षा अवधिमा अघिल्लो वर्षको तुलनामा चालू खाता बचत न्यून रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा चालु खाता बचत ४ करोड ९७ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता ४० करोड डलरले बचतमा रहेको थियो ।

४१. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १७.४ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २७.९ प्रतिशतको उच्च दरले बढी रु. २२२ अर्ब २७ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा आय रु. १ अर्ब ९१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ९ अर्ब ९३ करोड बचतमा रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिमा २९.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १८.२ प्रतिशतले बढी रु. २२३ अर्ब ७४ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको ३७.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २१.८ प्रतिशतले वृद्धि भई रु. १९७ अर्ब ७० करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा २६.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ९.५ प्रतिशतले वृद्धि भई २ अर्ब २६ करोड डलर पुगेको छ । मासिकरुपमा हेर्दा, विप्रेषण आप्रवाह चालु आर्थिक वर्षको मंसिर महिनाको तुलनामा पुस महिनामा २०.९ प्रतिशतले वृद्धि भएको छ ।

## विदेशी विनिमय सञ्चिति

४२. २०६९ पुस मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति रु. ४५० अर्ब ८० करोड रहेको छ । २०६९ असार मसान्तमा यस्तो सञ्चिति रु. ४३९ अर्ब ४६ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ पुस मसान्तम रु. ३६७ अर्ब ३४ करोड रहेको छ । आर्थिक वर्ष २०६९/७० को छ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान

चार्ट १० कूल विदेशी विनिमय सञ्चिति (पुस मसान्त)



स्तरले १०.२ महिनाको वस्तु आयात र ८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ पुस मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११०.५५ रहेकोमा २०६९ पुस मसान्तमा ०.७ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १११.३२ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६८ पुस मसान्तको तुलनामा २०६९ पुस मसान्तमा १.६ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १६६६.५० कायम रहेको छ ।

४४. २०६९ असार मसान्तको तुलनामा २०६९ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.७ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १३.४ प्रतिशतले अवमूल्यन भएको थियो । २०६९ पुस मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८७.१० पुगेको  छ । २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।